# आर्थिक बर्ष २०८०।०८१ को

# नीति तथा कार्यक्रम

भीमफेदी गाउँपालिका

२०८०

भीमफेदी गाउँपालिकाको दशौं सम्मानित गाउँ सभामा २०८० असार १० गते
आइतबार गाउँपालिकाको उपाध्यक्ष संजिव श्रेष्ठज्युले पेश गर्नुभएको

# नीति तथा कार्यक्रम

**२०८०**

**भीमफेदी गाउँपालिका**

**www.bhimphedimun.gov.np**

आजको यस गरिमामय सभाका सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. संघीय शासन प्रणाली अन्तर्गत मुलुकले अबलम्बन गरेको ३ तहको शासकीय व्यवस्था बमोजिम भीमफेदी गाउँपालिकाको दशौं गाउँसभामा यस गाउँपालिकाको आगामी आ.व.२०८०/८१ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइहेको छु ।यस घडीमा राज्य पुनर्संरचना तथा परिवर्तनका लागि समय समयमा भएका जनताको बलिदानीपूर्ण क्रान्ती,सशस्त्र संघर्ष तथा जनआन्दोलनका क्रममा दिवङ्गत हुनभएका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै सो क्रममा घाइते भएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु ।

२. संघीयता कार्यान्वयनको प्रमुख एवं अभिन्न अङ्ग भनेको स्थानीय सरकार नै हो । सबल स्थानीय सरकारले नै संघीयता कार्यान्वयनलाई मजबुत बनाउने तागत राख्दछ । श्रोत साधनको न्यायोचित वितरण, अधिकार, पँहुच एवं अवसरलाई नागरिक सामु पुर्याउनमा पनि स्थानीय तहको प्रमुख भूमिका रहन्छ । अझ भन्नुपर्दा स्थानीय सरकार नागरिकको अभिभावक हो, जसले नागरिकलाई आधारभूत, विकासात्मक र सेवात्मक सुविधा उपलब्ध गराउँदछ । स्थानीय सरकार नागरिकले हेर्दा देखिने, छाम्दा भेटिने र बोलाउँदा सुनिने सरकार हो ।

३. कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमको महामारी सकिन नपाउँदै विश्वव्यापी आर्थिक मन्दीको चपेटामा परी मुलुकको अर्थतन्त्र थलिएको अवस्था छ । जसका कारण मुलुकको आन्तरिक सक्षमताको स्थिति कमजोर हुन गएको छ । सो को प्रभाव संघीय र प्रदेश सरकारको आगामी बर्षको बजेटमा परिसकेको छ । यसर्थ यस गाउँपालिकाको आगामी बर्षको बजेटको आकार पनि केहि सङ्कुचित हुने भएको छ ।

४. बढ्दो सार्वजनिक ऋणको भार, तीव्र शहरीकरण, निराशापूर्ण उत्पादन र उत्पादकत्व, उच्च व्यापार घाटा लगायतका राज्यका विभिन्न क्षेत्रमा विद्यमान समस्याहरु हामीमाझ चुनौतीको पहाड बनी उभिएको जगजाहेर नै छ । यस्तो विषम परिस्थितिमा स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा तुलनात्मक लाभको क्षेत्रमा लगानी अभिवृद्धि तथा कम प्रतिफल दिने क्षेत्रमा हुने लगानीलाई न्युनीकरण गर्दै वृहत्तर राष्ट्रिय हितको आधारशिला तयार गर्न स्थानीय तह संवेदनशील हुनुपर्ने देखिन्छ । यस विषयलाई मुल रुपमा अङ्गीकार गर्दै यस भीमफेदी गाउँपालिकाले आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम तयार गरेको कुरा जानकारी गराउँदछु ।

५. लोककल्याणकारी राज्य व्यवस्थाको अवधारणा बमोजिम स्थानीय जनताको इच्छा, चाहना र अधिकारलाई केन्द्रविन्दुमा राखी जनआकाक्षां र जनभावना प्रतिबिम्बित हुने खालका कार्यक्रम र आयोजना तय गरी सो को प्रभावकारी कार्यान्वयनबाट नागरीकलाई सन्तुष्टी प्रदान गर्न भीमफेदी

गाउँपालिका प्रतिबद्ध छ । यसका लागि सरोकारवाला सबैको साथ र सहयोगको अपेक्षा पनि गाउँपालिकाले राखेको छ ।

सभाध्यक्षज्यू,

अब म चालु आ.व.२०७९/८० मा यस गाउँपालिकाले गरेका मुख्य मुख्य कामहरुको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) आर्थिक विकासतर्फ

६. कृषि पेशालाई आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा यस भीमफेदी गाउँपालिका क्षेत्रभित्रका ५४ जना कृषकहरुलाई हाते ट्याक्ट्रर, ३ जनालाई थ्रेसर, ५ जनालाई मकै छोडाउने मेसिन र १५ जना कृषकलाई कम्बाइन मिल वितरण गरियो ।

७. भीमफेदी गाउँपालिकामा आलुको उत्पादन व्यवसायिक बनाउन गाउँपालिकाको वडा नं.९ को दन्दुभञ्ज्याङ तथा वडा नं. ७ कोगटेमा खयन आलु उत्पादन कार्यक्रम सञ्चालन गरियो ।यसका साथै वडा नं.८ मा दलहन बाली प्रबर्द्धन कार्यक्रम अन्तर्गत गाउँपालिकाको अनुदानमा ४५० कृषकहरुलाई भटमास, केराउ, राजमा र सिमीको बीउ वितरण गरिएको छ ।

८. कृषि उत्पादकत्व वृद्धिका लागि गाउँपालिकाको ५० प्रतिशत अनुदानमा तरकारीको बीउ, एक हजार सात सय चालिस के.जी. हाइब्रिड धानको बीउ वितरण गरिएको छ भने मौरीपालन व्यवसाय प्रवर्द्धनका लागि तालिम तथा ७० प्रतिशत अनुदानमा मौरी सहितको ५० थान मौरीघार वितरण गरिएको छ ।

९. भीमफेदी -.२ मा अदुवा/बेसारको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसैगरी वडा नं.२ र ५ मा कृषक पाठशाला तथा गाउँपालिकाका विभिन्न वडाहरुमा घुम्ती तथा अन्य तालिम कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

१०. भीमफेदी गाउँपालिका भित्रका कृषकहरुको पहिचानका लागि पहिलो चरणमा वडा नं.३, ४, ५ र ६ का कृषि पेशामा संलग्न १३६० घरधुरी कृषकहरु किसान सुचीकरण प्रणालीमा सुचीकृत भएका छन् ।

११. गाईभैंसीमा नश्लसुधार गरी दुध उत्पादन बढाउन निःशुल्क कृतिम गर्भाधान सेवा सञ्चालन गरिनुको साथै बाखाको साना व्यवसायिक उत्पादन केन्द्र "पकेट" कार्यक्रम सञ्चालन गरी भीमफेदी-९ का २४ कृषक परिवारलाई ७२ वटा बाखा र ८ वटा बोका वितरण गरिएको छ ।

१२. रेविज रोग नियन्त्रण कार्यक्रम अन्तर्गत ५१ सामुदायिक कुकुरहरुको निःशुल्क बन्ध्याकरण गरी गाउँपालिकाभरी रेविज खोप कार्यक्रम सञ्चालन गरिएको छ ।२० हजार बाखाहरुलाई निःशुल्क पिपिआर रोग विरुद्धको खोप दिइएको छ ।

१३. महामारीको रुपमा फैलिएको गाईभैंसीमा लाग्ने लम्पी स्किन रोग नियन्त्रणका लागि आवश्यक उपचारको व्यवस्था गरी १८०० गाईभैंसीलाई लम्पी स्किन रोग विरुद्धको खोप निःशुल्क लगाइएको छ ।

१४.गाउँपालिकामा माछापालन व्यवसाय र माछा उत्पादनलाई बढाउने उद्देश्यले भीमफेदी-९ बँसीफाँटमा रेन्बोट्राउट माछापोखरी निर्माण गरिएको छ ।

१५.भीमफेदी गाउँपालिकाका स्थानीयहरुलाई उद्यमशीलता विकासमार्फत स्वरोजगार बनाउने उद्देश्य अनुरुप उद्यम विकास शाखामार्फत सञ्चालित दुग्धजन्य परिकार तयारी, हाते होजियारी, जडिबुटी प्रबर्द्धन तथा नर्सरी, स्टेबरी खेती तथा अलैची खेतीसम्बन्धी तालिम लगायतका सीप विकास तालिम कार्यक्रमबाट चालु आर्थिक बर्षमा मात्रै ७८ जना व्यक्ति स्वरोजगार भएका छन् ।यसैगरी अघिल्लो आर्थिक बर्षमा तालिम प्राप्त गरेका उद्यमीहरुलाई उद्यम व्यवसायमा दिगोपना कायम गर्न पुनर्ताजगी तालिम प्रदान गरिएको छ ।

१६.चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म २२ वटा नयाँ व्यवसाय दर्ता भएका छन् । प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ बमोजिम यस गाउँपालिकामा दर्ता हुने फर्मको संख्या ७८ पुगेको छ ।

१७.भीमफेदी गाउँपालिकाको सहकारी ऐन, २०७५ बमोजिम गाउँपालिकाबाट पहिलो सहकारी संस्था दर्ता गरिएको छ ।

१८.धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा रहेको लटरम्मेश्वर महादेव मन्दिरमा विद्युत र लिफ्टिङ विधिमार्फत खानेपानी सुविधा पुर्याउने कार्य अन्तिम चरणमा पुगेको छ ।पुरातात्विक तथा ऐतिहासिक धरोहर चिसापानी गढीको संरक्षण तथा प्रबर्द्धनको कार्य भइरहेको छ ।

(ख) सामाजिक विकासतर्फ

१९.गाउँपालिकाभित्रका विद्यालयहरुमा संघीय सरकारबाट प्रदान गरिएको कक्षा ६ सम्मको दिवा खाजा कार्यक्रमलाई गाउँपालिकाले बजेट विनियोजन गरी कक्षा ८ सम्मका लागि विस्तार गरिएको छ । यसका साथै सबै सामुदायिक विद्यालयको पानी, बिजुली तथा इन्टरनेटको शुल्क तथा महसुल गाउँपालिकाले नै भुक्तानी गर्ने व्यवस्था समेत मिलाइएको छ ।

२०.स्वर्णीम शिक्षक अवकाश योजना अन्तर्गत २ जना शिक्षक लाभान्वित भएका छन् ।गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयका बालविकास सहजकर्ता कर्मचारीलाई संघीय सरकारमार्फत प्राप्त हुने तलब सुविधामा थप गरी मासिक रु.१५ हजार पुर्याइएको छ ।

२१.भीमफेदी-१ को शिखरबास तथा भीमफेदी-२ मा रहेको विष्णु प्रा.वि.मा बालविकास केन्द्र निर्माण गरिएको छ । यसैगरी आवश्यकताअनुसार विद्यालयहरुमा अफिस फर्निचर, डेक्सटप, प्रिन्टरजस्ता सामग्रीहरु प्रदान गरिएको छ ।

२२.भीमफेदी-४ स्थित रहेको बाराही मा.वि. तथा भीमफेदी-८ स्थित श्री प्रा.वि.स्वाँराको ४ कोठे पक्की तथा सुविधासम्पन्न विद्यालय भवन निर्माण अन्तिम चरणमा रहेको छ ।

२३.बाराही मा.वि.निबुवाटारका लागि विद्यालय बस सञ्चालनको प्रकृया अन्तिम चरणमा रहेको छ । गाउँपालिकाभित्रका ३ वटा विद्यालयहरुमा आधुनिक प्रविधियुक्त युरोगार्ड सहितको खानेपानीको प्रबन्ध मिलाइएको छ ।

२४.भीमफेदी गाउँपालिका स्थायी ठेगाना भएका ५१ जना विद्यार्थीहरुलाई प्राविधिक र दलित छात्रवृत्ति प्रदान गरिएको छ ।

२५. विद्यालयको वस्तुगत स्थिति अनुगमन गर्ने सिलसिलामा गाउँपालिकाको विभिन्न विद्यालयहरुको अनुगमन गरी विद्यार्थी शिक्षक दरबन्दी मिलान कार्य गरिएको छ ।

२६.प्रशामक सेवा व्यवस्थापनको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा ब्याग र अत्यावश्यक औषधी तथा उपकरण सहित प्राथमिक उपचार बाकस वितरण गरी ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सेवालाई गाउँघर क्लिनिक मार्फत प्रत्येक महिना सम्बन्धित टोलहरुमा सञ्चालन गरिएको छ । साथै सुगर, प्रेसर परीक्षण कार्यक्रमलाई गाउँघर क्लिनिक कार्यक्रमसँगै सञ्चालनमा ल्याइएको छ ।

२७."**घरघरमा हरियो झण्डा, गर्भवतीको हातमा अण्डा**" कार्यक्रमलाई निरन्तरता दिइएको छ ।प्रशामक सेवा अन्तर्गत प्रशामक सेवा आवश्यक बिरामीहरुलाई घरदैलोमा गई स्वास्थ्य परीक्षण, परामर्श, औषधी वितरण तथा उपचार सेवा उपलब्ध गराइएको छ ।

२८.फ्रि-ब्लड ट्रान्सफ्युजन कार्यक्रम अन्तर्गत आकस्मिक रुपमा रगत आवश्यक परेका बिरामीहरुलाई रेडक्रस सोसाइटीसँगको सहकार्यमा निःशुल्क मानव रगत उपलब्ध गराउने कार्य सुरु गरिएको छ ।

२९.ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुको लागि निःशुल्क भिडियो एक्स-रे कार्यक्रम सञ्चालन गरिएको छ ।भीमफेदी-२ स्थित भैंसे स्वास्थ्य चौकीमा ल्याब सञ्चालन आएको छ ।

३०.प्रदेश सरकारसँगको सहकार्यमा खानेपानीको समस्या रहेका भीमफेदी-८ को गंगटे, भीमफेदी-२ को रिठ्ठे गैरीटोलमा लिफ्टिङ मार्फत खानेपानी पुर्याइएको छ ।निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुको मर्मत सम्भारका कार्यहरु भइरहेका छन् ।

३१.साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका भीमसेनजात्रा, कृष्णजात्रा, त्रिखण्डीजात्रा, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व, मेलाहरुको संबर्द्धन र प्रबर्द्धनसँग सम्बन्धित कार्यक्रमहरुका लागि आवश्यक समन्वय र सहयोग गरिएको छ ।

३२.अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र, बनेपासँगको समन्वयमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परीक्षण सहायक सामग्री वितरण गर्नुका साथै अपाङ्गता भएका बालबालिकाको उपचार सेवा तथा पुनर्स्थापन कार्यक्रम सञ्चालन गरिएको छ ।

३३.पुर्ख्यौली पेशा आधुनिकीकरण, व्यवसायिकरण तथा प्रबर्द्धन तालिम तथा प्रविधि हस्तान्तरण अन्तर्गत २० जनालाई आरन सामग्री र एउटा बाजा समुहलाई ब्राजा सामग्री वितरण गरिएको छ ।

३४.क र ख वर्गको अपाङ्गता भएका १७ जना व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र लिन आउँदा र जाँदाको यातायात तथा खाना खर्च बापतको रकम उपलब्ध गराइएको छ ।यसैगरी घरेलु हिंसा प्रभावित महिलाहरुको लागि अल्पकालीन आश्रयस्थल सहितको सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन गरिएको छ ।

३५.ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत गाउँपालिकाको सबै वडाहरुमा ७५ बर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई पानी तताउने जग वितरण सहित सम्मान गरिएको छ ।



अध्यक्ष

३६.गाउँपालिकाको न्यायिक सम्पादनको कार्यलाई प्रभावकारी बनाउन वडा नं.१,३ र ५ मा मेलमिलाप केन्द्र गठन गरिनुको साथै मेलमिलाप केन्द्रहरुमा आवश्यक फर्निचर सामग्री वितरण गरिएको छ ।गाउँ कार्यपालिकाको कार्यालयमा न्यायिक इजलास तयार गरिएको छ ।

३७.भीमफेदी गाउँपालिकाको सबै वडाका २८ जना मेलमिलापकर्ताहरुका लागि मेलमिलाप सम्बन्धी आधारभूत कानूनी तालिम सञ्चालन गरिएको छ ।यसका साथै गाउँपालिकाका जनप्रतिनिधिहरुका लागि गाउँपालिकास्तरीय कानून सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ ।

३८.न्यायिक सम्पादनतर्फ गाउँपालिकाको न्यायिक समिति र स्थानीय मेलमिलाप केन्द्रमा दर्ता हुन आएका कुल १३० विवादमध्ये ८६ वटा विवाद समाधान तथा मेलमिलाप भएका छन् भने २९ वटा विवाद हाल छलफलको क्रममा रहेका छन ।

(ग) पूर्वाधार विकासतर्फ

३९.गाउँपालिकाको रणनैतिक महत्वका सडकहरु मध्ये वडा नं.४, २ र ९ जोड्ने रानीखोला-धामीडाँडा-रानीभञ्ज्याङ सडक, वडा नं.७ र ८ जोड्ने कोगटे-धार्के-स्वाँरा-महादेवटार सडक तथा वडा नं.८ को केन्द्रसम्म जोड्ने देउराली-इपा सडकको निर्माण तथा स्तरोन्नतीका कार्यहरु सञ्चालन भइरहेको छ ।

४०.यसैगरी भीमफेदी-६ को धोर्सिङ स्वाँरा चापाघारी माण्डु सडक, भीमफेदी-१ सानुटार मच्छेबास किसेडी हुँदै कैलाश गाउँपालिका जोड्ने सडक तथा भीमफेदी ५ र ३ अन्तर्गत पर्ने सुपिङ भस्मे अम्लिङ पान्द्राङ सडक निर्माण र स्तरोन्नतीको कार्यलाई निरन्तरता दिइएको छ ।

४१.१५ शैय्याको पृथ्वीचन्द्र अस्पताल भवन निर्माणाधीन अवस्थामा रहेको छ । आगामी बर्षबाटै नवनिर्मित अस्पताल भवनबाट सेवा प्रवाह सुचारु हुने अपेक्षा गरिएको छ ।

४२.प्रदेश सरकारसँगको सहकार्यमा भीमफेदी-२ स्थित आँपचौर बेर्शी तिलटार सिँचाई आयोजनाको निर्माण कार्य सम्पन्न भइसकेको छ । भीमफेदी-४ मा रहेको डुम्रेटार सिँचाई आयोजना लगायतका अन्य सिँचाई आयोजनाहरुको निर्माण पनि सम्पन्न भइसकेको छ ।

४३.भीमफेदी-९ को डेढखोलामा झोलुङ्गेपुल निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

(घ) वातावरण तथा विपद व्यवस्थापनतर्फ

४४.प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट प्रभावित व्यक्ति/परिवार/संस्थालाई राहत उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागू गरिएको छ । विपद व्यवस्थापनसँग सम्बन्धित अन्य कानूनी व्यवस्था तथा औजार उपकरणहरुको व्यवस्थापन गरिएको छ ।

४५.यसैगरी गाउँपालिका क्षेत्रभित्रका संभावित विपदबाट जोखिम उत्पन्न हुनसक्ने स्थानहरुमा तटबन्ध लगाउने, भू-क्षय हुनसक्ने स्थानहरुमा वृक्षारोपण लगायतका कार्यहरु गरिएका छन् ।

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ

हिरा सार्की
अध्यक्ष

४६.गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य चौकीहरुमा इन्टरनेट सेवा जडान तथा सञ्चालन गरिएको छ । यसका साथै गाउँ कार्यपालिकाको कार्यालय तथा भीमफेदी-६ स्थित रहेको ज्योती लाइब्रेरीमा Free WiFi जडान गरिएको छ ।

४७.गाउँपालिकामा रिक्त रहेका विभिन्न सेवा, समुह र उपसमुहका दरबन्दी क्रमशः पदपूर्ति गर्दै लगिएको छ । कार्यरत कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धिका लागि किसिमका तालिम, अभिमुखीकरण कार्यक्रममा सहभागी हुने अवसर प्रदान गरिएको छ। साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्थानीय तहको विभिन्न सेवा, समुह, उपसमुहमा कार्यरत ६ जना कर्मचारीहरुको तहवृद्धि गरिएको छ ।

४८.गाउँपालिकाबाट हुने भुक्तानी प्रणालीलाई छिटो, सरल, विश्वसनीय र प्रविधिमैत्री बनाउन कर बाहेकका प्रत्येक आर्थिक कारोबार इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (EFT) मार्फत गरी ई-गभर्नेन्सको अवधारणालाई आत्मसात गरिएको छ ।

४९.सार्वजनिक खरिद प्रकृयालाई वस्तुनिष्ठ, पारदर्शी, प्रतिस्पर्धी बनाउन ePg मार्फत खरिद गर्ने कार्यलाई अबलम्बन गरिएको छ ।

५०.सार्वजनिक खरिद प्रकृयामार्फत वडा नं.५ को प्रशासकीय भवन निर्माण निर्माणाधीन अवस्थामा रहेको छ ।

५१.गाउँपालिकाले चालु आर्थिक बर्षमा (संशोधित) रु.२ करोड १४ लाख १२ हजार आन्तरिक आय सङ्कलन गर्ने प्रक्षेपण गरेकोमा ज्येष्ठ मसान्तसम्मको राजस्व सङ्कलनको आधारमा यस बर्षको आषाढ मसान्तसम्म करिब ९० प्रतिशत आन्तरिक आय सङ्कलन हुने देखिन्छ ।

५२.यसैगरी चालु आ.व.को लागि स्वीकृत बार्षिक बजेट रु. ७८,६८,८०,१६० (अक्षरेपि: अठहत्तर करोड अठसट्ठी लाख असी हजार एक सय साठी रुपैया मात्र) मध्ये हालसम्म चालु खर्चतर्फ ६०.९२ प्रतिशत र पुँजीगत खर्चतर्फ ५०.८५ प्रतिशत वित्तीय प्रगति भएको छ । समग्रमा ५५.९ प्रतिशत खर्च भएको छ ।

५३.संस्थागत सुधारतर्फ भीमफेदी-१ को जनता आधारभूत विद्यालय, भीमफेदी-८ को श्री प्रा.वि. र पञ्चकन्या मा.वि.लाई ICT सामग्री वितरण गरिएको छ । साथै ईलाका प्रहरी कार्यालय, भीमफेदी र भैसें प्रहरी चौकीमा सि.सि. क्यामरा जडान तथा मर्मत गरिएको छ ।

५४.गाउँपालिकामा रहेका साविकका सबै घटना दर्ताहरु डिजिटाइजेशन गर्ने कार्य अन्तिम चरणमा रहेको छ । यसबाट जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटना दर्ताहरुको अभिलेखलाई सुरक्षित र व्यवस्थित हुनेछ। सबै वडाका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको बैङ्किङ प्रणालीमार्फत भत्ता वितरण गरिने कार्य प्रभावकारी बन्दै गइरहेको छ ।

सभाका सदस्यज्यूहरु,

अध्यक्ष

५५.नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकारका विभिन्न ऐन, कानून, नियमहरु, संघीय सरकारको पन्ध्रौं आवधिक योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना, यस भीमफेदी गाउँपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजना, संघीय तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, नेपाल सरकारले गरेका अन्तराष्ट्रिय सन्धि, सम्झौताहरु, संयुक्त राष्ट्रसंघको दीगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाको गत आ.व.को बार्षिक नीति, बजेट तथा कार्यक्रम, गाउँ कार्यपालिका बैठकका विभिन्न निर्णयहरु, गाउँपालिकाले निर्माण गरेका विभिन्न कानूनी व्यवस्थाहरु,निर्वाचनपूर्व जनतासामू घोषणा गरेका प्रतिबद्धताहरु, गाउँपालिकाबासीको आवश्यकता, माग तथा यस गाउँपालिकाको वास्तविक आर्थिक, भौगोलिक र सामाजिक अवस्था, विश्वव्यापी आर्थिक मन्दी, कोभिड-१९, डेन्गु सङ्क्रमण र मनसुनजन्य जलउत्पन्न प्रकोपबाट सृजित चुनौति तथा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयहरुलाई आधार मानी यस भीमफेदी गाउँपालिकाको आ.व.२०८०/८१ को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको ब्यहोरा जानकारी गराउन चाहान्छु ।

सभाध्यक्षज्यू,

अब म यस भीमफेदी गाउँपालिकाको आ.व.२०८०/८१ को क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

क)आर्थिक विकास

कृषि

५६.यस बर्ष कृषकहरुले चरम खडेरी, मल र बीउको अभावजस्ता विविध समस्याहरु झेल्नुपरेको छ । जसका कारण भीमफेदीको प्रमुख खाद्यबालीको रुपमा रहेको मकैको उत्पादनमा २५ प्रतिशतले कमी हुने आकँलन गरिएको छ ।यसबाट गाउँपालिकाका कृषक परिवारमा खाद्यसङ्कट र भोकमरीको अवस्था सृजना हुन नदिन र कृषि पेशाबाट हुने जनशक्ति पलायनलाई रोक्न रैथाने खाद्यबालीहरु कोदो, फापर खेतीमा उत्पादनका आधारमा आवश्यक कार्यविधि निर्माण गरी नगद अनुदान उपलब्ध गराइनेछ ।

५७.कृषियोग्य भूमिको प्रयोग बढाउन र बाँझो जमिनलाई उपयोगमा ल्याउन "भूमि बैंक" स्थापना गरिनेछ । गाउँपालिकाभित्र जग्गा जमिन भई जमिन बाँझो छाडी अन्यत्र बसोबास गर्ने जग्गाधनीहरुको जग्गा कृषिजन्य तथा अन्य विविध प्रयोजनका लागि उपयोग गर्न चाहने व्यक्ति/संस्थालाई भाडामा उपलब्ध गराउन गाउँपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

५८. गाउँपालिका भित्रका कृषकहरुलाई कृषि तथा पशु सम्बन्धी निःशुल्क परामर्श सेवा उपलब्ध गराउन किसान कल सेन्टरको सञ्चालनलाई प्रभावकारी बनाइनेछ ।कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण र कृषि एम्बुलेन्स सञ्चालन सम्बन्धी संभाव्यता अध्ययन गरिनेछ ।



हिदम
अध्यक्ष

५९.उपभोक्ता ठगिने र कृषकले उचित मुल्य नपाई कृषि उपजहरु खेर फाल्नुपर्ने परिस्थितिको अन्त्य गर्न समुदायकै व्यवस्थापनमा कृषि सङ्कलन तथा विक्री केन्द्र/हाटबजारको संभाव्यता अध्ययन गरी सञ्चालनमा ल्याइनेछ ।

६०.परम्परागत तथा जीवन निर्वाहमुखी कृषि पेशालाई आधुनिकिकरण गर्दै कृषि पेशालाई व्यवसायिक र मर्यादित बनाई युवावर्गलाई कृषि पेशाप्रति आकर्षित गर्न विभिन्न किसिमका अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६१.सिँचाई सुविधा नपुगेका कृषियोग्य भूमिमा ठूला तथा साना सिँचाई आयोजनाहरु सञ्चालन गरिनेछ ।मर्मत र स्तरीकरण गर्नुपर्ने सिँचाई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

६२.भौगोलिक विशिष्टता र संभावना अनुसार पशुपालन, फलफुल, तरकारी, दलहन, तेलहनको पकेट क्षेत्र निर्धारण गरी व्यवसायिक कृषि उत्पादन कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।कृषकलाई समयमै मलबीउ उपलब्ध गराउन आवश्यक सहजीकरण गरिनेछ ।

६३.अर्गानिक तरकारी/फलफूल तथा अन्य कृषि उपजहरुको उत्पादन तथा विक्रीवितरणलाई प्रेरित गर्ने नीति अबलम्बन गरिने छ ।

६४.पशुहरुमा महामारीको रुपमा देखिने पिपिआर, खोरेत, लम्पी स्किन जस्ता रोगहरुको रोकथाम र नियन्त्रणका लागि निःशुल्क खोप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।आकस्मिक रोग उपचार सेवा प्रवाहका लागि आवश्यक औषधी उपचारको व्यवस्था गरिनेछ ।

६५.गाईभैंसीहरुमा नश्लसुधार गराई किसानलाई दुध उत्पादनमा आत्मनिर्भर बनाउन निःशुल्क कृतिम गर्भाधान सेवा सञ्चालन गरिनेछ ।साथै गाउँपालिकाका विभिन्न वडाहरुमा गाईभैसी पकेट कार्यक्रम सञ्चालन गरिनेछ ।

६६.बाखा पकेट क्षेत्रमा नश्लसुधार गराई उत्पादन बढाउने हिसाबले जमुनापारी, अजमेरीजस्ता उन्नत जातका प्रजनन बोका खरिदमा अनुदान दिइनेछ ।

६७."नियमित खोप तालिका, रेविजमुक्त भीमफेदी गाउँपालिका" भन्ने नारा सहित पूर्णरुपमा रेविज रोग नियन्त्रणका लागि निःशुल्क खोप तथा सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६८.पशुसेवा केन्द्रहरुमा आवश्यक उपकरणहरुको व्यवस्था गरी निरन्तर रुपमा आधारभूत प्रयोगशाला तथा रोग उपचार सेवा प्रदान गरिनेछ ।

<u>पर्यटन</u>

६९.भीमफेदी-८ स्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलको रुपमा रहेको लटरम्मेश्वर महादेव मन्दिर क्षेत्र तथा भीमफेदी-९ स्थित मैत्रीबगैंचाको थप भौतिक तथा पर्यटन पूर्वाधार विकास गर्दै लगिनेछ । ऐतिहासिक तथा पुरातात्विक महत्वको चिसापानीगढीको संरक्षण तथा पुनःनिर्माण कार्य सम्पन्न गरी पर्यटकीय आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ ।



हिदम लामा
अध्यक्ष

७०.पर्यटन विकासको सम्भावना रहेका भीमफेदीमा रहेको ऐतिहासिक भीमसेन मन्दिर र हात्तीसार क्षेत्र, भीमफेदी-४ को गुसेश्वरी गुफा, भीमफेदी-१ मा रहेको प्रसिद्ध धार्मिकस्थल त्रिखण्डेश्वर महादेव मन्दिर र आसपासको क्षेत्र, भीमफेदी-५ स्थित रहेको हात्तीसुढे क्षेत्र, भीमफेदी-२ मा रहेको उग्र्येन याङ्फेल लिङ बौद्ध गुम्बा क्षेत्रको भौतिक पूर्वाधार विकास गरी पर्यटन आगमनको केन्द्रको रुपमा विकास गरिदै लगिने छ ।साथै नयाँ पर्यटकीय स्थल र कार्यक्रमहरु पहिचान गरी आवश्यक पूर्वाधार निर्माणमा सहयोग र समन्वय गरिने छ ।

७१.ऐतिहासिक भीमफेदी बजारलाई पुनर्जागृत गरी साँस्कृतिक शहरको रुपमा अगाडी बढाउन आवश्यक कार्यक्रम ल्याइनेछ ।

७२.भीमफेदी गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको सिमानामा पर्ने बुङ्दल झरना(जोडी झरना) को पूर्वाधार विकासका लागि सम्बन्धित निकाय तथा समुदायसँग आवश्यक समन्वय र सहकार्य गरी विभिन्न गतिविधिहरु सञ्चालन गरिनेछ ।

७३.गाउँपालिकामा सञ्चालित होमस्टेहरुको प्रवर्द्धन, विकास तथा प्रचारप्रसार गरिनेछ ।

<u>उद्योग तथा वाणिज्य</u>

७४.स्थानीय साधन, श्रोत, सीप तथा पुँजीको उपयोग गरी गाउँमै रोजगारी सृजना गराउने खालका कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ ।

७५.भीमफेदी गाउँपालिकाभित्र सञ्चालित व्यवसायिक प्रतिष्ठानहरुलाई व्यवसाय करको दायरामा ल्याउन आगामी आर्थिक बर्षमा पनि गाउँपालिकाको व्यवसाय कर प्रयोजनका लागि दर्ता हुने व्यवसायको दर्ता शुल्क नलाग्ने व्यवस्था गरिनेछ ।

७६.रोजगारको दायरा बढाउन तथा उत्पादनमूलक क्षेत्रमा सहभागिता बढाउन तथा गाउँपालिकास्तरमा सञ्चालन हुने घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी उद्यमीहरुलाई व्यवसायिक बनाउन उद्यम विकाससँग सम्बन्धित सीपमुलक तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी ढंगबाट अगाडी बढाइनेछ ।

७७.परम्परागत सीप र क्षमताको प्रबर्द्धन र विकास गरी तुलनात्मक लाभ प्रदान गर्ने खालका घरेलु उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७८.वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप र ज्ञानलाई स्थानीय रोजगारी सिर्जना, उद्यमशीलता प्रबर्द्धन गरी उपयोग गर्ने नीति लिइनेछ ।साथै गाउँपालिकामा गरिबी निवारणमा सहयोग पुग्ने गरी लघुउद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

७९.उद्यमी बन्न चाहने महिला र युवाहरुलाई व्यवसायिक योजनाका आधारमा बैंक मार्फत सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।



हिदम लामा
अध्यक्ष

८०.निजी क्षेत्रलाई प्रोत्साहन तथा आकर्षण गर्ने लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारीमा काम गर्ने गरी आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिने छ ।

सहकारी

८१.सहकारी संस्थाको संस्थागत क्षमता विकास, संस्थागत सुशासन कायम गर्न आवश्यक तालिम, कार्यक्रम, विधि तथा मापदण्ड निर्माण गरी सहजीकरण गरिनेछ ।

८२.सहकारी संस्थाहरुको नियमित अनुगमन, नियमन तथा अभिलेख व्यवस्थापन गरी सक्रिय र निष्क्रिय सहकारी संस्थाहरुको वर्गीकरण गरी निष्क्रिय संस्थाहरुलाई खारेजीको प्रक्रियामा लगिनेछ ।

८३.सहकारी क्षेत्रलाई पालिकाबासीको आर्थिक सबलीकरणको मुख्य साझेदारको रुपमा स्थापित गरिनेछ । सहकारीसँग सम्बन्धित आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**(ख) सामाजिक विकास**

शिक्षा, युवा तथा खेलकुद विकास

८४.सामुदायिक विद्यालयलाई शैक्षिक अब्बलताको अग्रभागमा राख्न शैक्षिक विकासका ४ "प"- पँहुच, प्रविधि, पूर्वाधार र प्रोत्साहनको सिद्धान्त अनुरुपको कार्यलाई थप महत्व दिदै क्रमशः अघि बढाउदै लगिनेछ ।

८५.गाउँपालिका भित्रका विद्यालयहरुमा विद्यार्थी संख्या र सञ्चालन भएको तहको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गरिदै लगिनेछ ।त्यसैगरी समय, दूरी र विद्यार्थी संख्याको आधारमा विद्यालय मर्ज तथा नयाँ विद्यालय स्थापनाजस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८६.विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयहरुलाई प्रतिस्पर्धामा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

८७.आधारभूत तह अर्थात् कक्षा ८ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । प्रदेश सरकारसँगको समन्वयमा विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिदैं थप विस्तार गरिनेछ ।

८८.गाउँपालिकाका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमध्ये गरिब, विपन्न र जेहेनदार विद्यार्थी पहिचान गरी उच्च शिक्षा अध्ययनको लागि दिइदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

८९.विद्यालय व्यवस्थापनलाई थप सुधार गर्दै विद्यालयहरुलाई ICT मैत्री बनाउन पहल गरिनेछ ।

९०.भीमफेदी-४ स्थित चिउरीबँगैचा खेल मैदान लगायत गाउँपालिकामा रहेका अन्य खेलकुद मैदानहरुको थप भौतिक पूर्वाधार विकास गर्दै लगिनेछ। विभिन्न किसिमका शारिरिक तथा अन्य खेलकूद प्रतियोगिताहरु सञ्चालन गरी खेलकूद क्षेत्रलाई प्रबर्द्धन गरिनेछ ।

स्वास्थ्य

९१.आगामी आर्थिक बर्षदेखि इक्चुङ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा बर्थिङ सेन्टर सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।साथै भीमफेदी-१ मा रहेको सानुटार सामुदायिक स्वास्थ्य ईकाई र



हिदम लामा
अध्यक्ष

भीमफेदी-९ स्थित बाघमारा सामुदायिक स्वास्थ्य ईकाईमा बर्थिङ सेन्टर सञ्चालनका लागि आवश्यक अध्ययन गरिनेछ ।

९२.वडा नं.८ र ९ मा सामुदायिक स्वास्थ्य ईकाई स्थापना र सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ । बाह्य खोप केन्द्र/गाउँघर क्लिनिक भवन निर्माण प्रकृया अघि बढाइनेछ ।

९३.आफ्नै जग्गा नभएका संस्थाहरुका लागि जग्गा प्राप्त गरी नेपाल सरकारको मापदण्ड अनुरुप भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

९४.मातृशिशु स्याहार अन्तर्गत **"घर-घरमा झण्डा, सुत्केरीलाई अण्डा कार्यक्रम"**लाई निरन्तरता दिदैं प्यालिएटिभ केयर र ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

९५.ज्येष्ठ नागरिकहरुलाई प्रत्येक महिना गाउँपालिकाबाट स्वास्थ्यकर्मी खटाई निःशुल्क स्वास्थ्य परीक्षण गरी आवश्यक उपचार र परामर्श सेवालाई निरन्तरता दिइनेछ ।

९६.ग्रामीण अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरी गर्भवती महिलाहरुको स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।

९७.निर्माणाधीन १५ शैय्याको पृथ्वीचन्द्र अस्पताल निर्माण सम्पन्न गरी आवश्यकता अनुसारको डाक्टर तथा स्वास्थ्य प्राविधिकहरुको व्यवस्था गरिनेछ ।

९८.वडा नं.७ कोगटे र वडा नं.८ ईपाका जीर्ण स्वास्थ्य चौकी भवनहरुको ठाउँमा सुविधा सम्पन्न नयाँ स्वास्थ्य चौकी भवन निर्माणको लागि पहल गरिनेछ ।

९९.संघ र प्रदेश सरकारबाट हस्तान्तरित स्वास्थ्य सेवा सम्बन्धी कार्यहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

<u>खानेपानी तथा सरसफाई</u>

१००. सम्पूर्ण गाउँपालिकाबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई विशेष प्राथमिकता दिइनेछ । सो को लागि आवश्यकता र संभावनाका आधारमा ठूलो, मझौला र साना खानेपानी आयोजना सञ्चालन गरिनेछ ।

१०१. खानेपानीको समस्या रहेका विभिन्न क्षेत्रहरुमा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१०२. खानेपानीको मुहान संरक्षण तथा खानेपानीको आवश्यक मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरिने छ । निर्माणाधीन खानेपानी आयोजना निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

<u>संस्कृति प्रबर्द्धन र सम्पदा संरक्षण</u>

हिदम लामा
अध्यक्ष

१०३.परम्परागत सीप, सामाजिक मूल्य मान्यता, रितिरिवाज, परम्परा, चालचलन र प्रथा परम्परा, चाडपर्वहरुलाई समयसापेक्ष परिमार्जन गर्दै संरक्षण गरिनेछ । गाउँपालिकामा रहेका बहुजाती, बहुभाषिक, बहुधार्मिक, बहुसँस्कृतिक मूल्य मान्यतालाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१०४.धार्मिक आस्था र मान्यता अनुरुपका मठमन्दिर, गुम्बा तथा चर्चहरुको निर्माण, मर्मत तथा संरक्षणमा यथोचित लगानी गरिनेछ ।

१०५.परम्परागत सीप, सामाजिक मूल्य मान्यता, रितिरिवाज, परम्परा, चालचलन र प्रथा परम्परा, चाडपर्वहरुलाई समयसापेक्ष परिमार्जन गर्दै संरक्षण गरिनेछ ।

१०६.साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका भीमसेनजात्रा, कृष्णजात्रा, त्रिखण्डीजात्रा, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व, मेलाहरुको संबर्द्धन र प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरुका लागि आवश्यक समन्वय र सहयोगलाई निरन्तरता दिइनेछ ।

१०७.कला, साहित्य मार्फत राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्याउनुहुने महानुभावहरुलाई यथोचित सम्मान गरिनेछ ।

१०८.भीमफेदी गाउँपालिका अन्तर्गत पर्ने भीमफेदी बजार, भैसें, निबुवाटार लगायतका क्षेत्रमा रहेका पुरातात्तविक सम्पदा तथा धरोहरहरुको अध्ययन गरी सुचीकृत गरिने छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१०९.उद्योग, प्रतिष्ठान, कम्पनी, संघसंस्था, अनौपचारिक र असङ्गठित क्षेत्र तथा स्वरोजगार श्रमिकहरुका लागि गाउँपालिकामा श्रम डेस्क स्थापना गरी योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्ध गराउन सुचीकरण गर्ने व्यवस्था मिलाइने छ । आगामी आर्थिक बर्षभित्र कम्तिमा १०० जना श्रमिकहरुलाई सामाजिक सुरक्षा कार्यक्रमभित्र समेट्ने गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११०. विभेद, बञ्चितिकरण तथा बहिष्करणमा परेका वर्ग तथा समुदायको शासन, विकास र सेवा प्रवाहमा सार्थक सहभागिताको सुनिश्चितता प्रदान गरी अपनत्व प्रदान गरिनेछ ।

१११. भीमफेदी गाउँपालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त, पूर्ण खोपयुक्त, वातावरणमैत्री गाउँपालिका बनाउने नीति लिइनेछ । ज्येष्ठ नागरिकको सुरक्षा र सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

११२.द्वन्द्व प्रभावित, लैङ्गिक हिंसा, सामाजिक विभेद तथा विभिन्न कारणले बञ्चितिकरणमा परेका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।

११३.यस गाउँपालिकामा बसोबास गर्ने अति सिमान्तीकृत विपन्न चेपाङ समुदायको हित र उन्नतिका लागि विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । चेपाङ बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ । स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।

हिदम लामा
अध्यक्ष

११४. अव्यवस्थित बसोबासी, भूमिहीन दलित र सुकुम्बासीहरुलाई गाउँपालिकाद्वारा संकलित फारमहरुको बारेमा भूमि आयोगसँगको समन्वय र सहकार्यमा जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

<u>स्थानीय न्यायिक कार्यसम्पादन</u>

११५. गाउँपालिकामा न्यायिक समिति रहने संवैधानिक व्यवस्था बमोजिम न्यायिक इजलास मार्फत हुने न्यायिक सम्पादनको कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

११६. न्यायिक समितिका लागि विषयगत दक्षता भएका जनशक्तिको व्यवस्था गरी आवश्यक तालिम प्रदान गरिनेछ ।

११७. न्यायिक समितिबाट भएको कार्यहरुको सन्दर्भमा ब्रोसर छापी जानकारी तथा प्रचारप्रसार गरिनेछ ।

सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

(ग) पूर्वाधार विकास

११८. गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालय सम्म जोड्ने सडकलाई क्रमशः कालोपत्र वा स्ल्याब ढलान गरिने छ ।त्यसैगरी वडाका मुख्य सडकहरुको पनि स्ल्याब ढलान गरिदै लगिने छ ।सडकलाई आर्थिक विकासको कार्यसँग सामञ्जस्य गरिने छ ।सडकमा परेका जग्गाहरुको लगत कट्टा गरी सडक नक्साङ्कन कार्यको सुरुवात गरिनेछ ।

११९. रणनैतिक महत्वका निर्माणाधीन सडकहरुको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

१२०. गाउँपालिका स्तरीय यातायात गुरुयोजना यथाशीघ्र सम्पन्न गरी व्यवस्थित, सुरक्षित र वातावरणमैत्री सडक निर्माणलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

१२१. सडक सञ्जाल नपुगेको बस्तीस्तरमा सडक सेवा विस्तार गरिने छ ।हालसम्म निर्माण सम्पन्न भएका सडकहरुको क्रमशः स्तरोन्नती गर्दै दिगो र बाह्रै महिना सञ्चालन हुने किसिमको बनाइनेछ ।

१२२. भीमफेदी बजार क्षेत्रका मुख्य तथा भित्री सडकहरुलाई ढलको व्यवस्थापन सहित कालोपत्र वा स्ल्याब ढलान गरी सौन्दर्यीकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१२३. आफ्नै स्वामीत्वको भवन नभएका वडा कार्यालयहरुका लागि क्रमशः जग्गा प्राप्त गरी भवन निर्माण गरिनेछ ।

१२४. ग्रामीण विद्युतीकरण कार्यको स्तरोन्नती गरी भोल्टेज सुधार सहित सुरक्षित विद्युतीकरणको कार्य गरिनेछ ।



हिदम लामा
अध्यक्ष

१२५. गाउँपालिका भित्रका आवश्यक स्थानहरुमा काठका पुल विस्थापन गर्दै झोलुङ्गे पुल निर्माण गरिनेछ । साथै ठूला बस्ती तथा स्थानहरुमा पक्कीपुल तथा फलामेपुल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । निर्माणाधीन भैसें-भीमफेदी सडक खण्ड अन्तर्गत रहेका फलामे पुल (बेलिब्रिज) लाई गाउँपालिका भित्रै उपयोग गर्न पहल गरिनेछ ।

१२६. प्रदेश सरकारद्वारा निर्माणाधीन भैसें-भीमफेदी सडक निर्माण कार्यमा गाउँपालिकाले आवश्यक सहजीकरण गर्दा पनि समयमा नै उक्त आयोजना सम्पन्न नभइरहेको हुँदा छिटो र गुणस्तरीय काम सम्पन्न गराउन आवश्यक पहल गरिने छ ।

१२७. सिँचाई सुविधा नपुगेका स्थानका लागि प्राथमिकता दिई सिँचाई आयोजना सञ्चालन गरिनेछ । मर्मत सम्भार गर्नुपर्ने, सुधार गर्न आवश्यक सिँचाई कुलो निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१२८. दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी भीमफेदी ३ इक्चुङ, भीमफेदी ९ बर्देउ, सिन्कीखाडल, भीमफेदी-१ सालघारी तथा भीमफेदी-७ कोगटे लगायत संचारको पँहुच नभएका तथा नेटवर्क कमजोर भएका क्षेत्रमा टेलिफोन नेटवर्क र इन्टरनेट सेवा विस्तार गरिनेछ ।

१२९. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत गाउँपालिका भित्र रहेका सम्पूर्ण खरको छाना भएका घरहरुलाई विस्थापन गर्ने कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

१३०. सडक तथा घरहरुको मापदण्ड तयार गरी सुरक्षित सडक तथा घर निर्माण गर्ने गरी सडक तथा घर नक्सापासको मापदण्ड/कार्यविधि तयार गरी आगामी आ.व.देखि कार्यान्वयन गरिने छ ।

१३१. प्राकृतिक श्रोत तथा खानीको समन्यायिक उपयोगका लागि गाउँपालिकाको क्षेत्रभित्र रहेका खानी तथा खनिज पदार्थको संभावित क्षेत्रको पहिचान गरी लगत संकलन गरी लगानीमैत्री वातावरणका लागि सहजीकरण गरिनेछ ।

१३२. संघ र प्रदेश सरकारद्वारा यस गाउँपालिकाभित्र सञ्चालनका लागि विनियोजित कार्यक्रम तथा आयोजनाहरु दोहोरोपना हुन नदिन आवश्यक समन्वय र सहजीकरण गरिने छ ।

### (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

१३३. विगत दुई दशकभन्दा बढी अवधिदेखि बन्द अवस्थामा रहेको हेटौंडा-धोर्सिङ-काठमाडौं रोप-वे हाल जीर्ण अवस्थामा रहेको र उक्त रोप-वे का पुराना तार र पार्टपुर्जाका कारण जुनसुकै समयमा भयानक दुर्घटना निम्तनसक्ने अवस्था रहेको हुँदा संघीय र प्रदेश सरकारलाई यथाशीघ्र आवश्यक व्यवस्थापन गर्न पहल तथा अनुरोध गरिने छ ।

१३४. संभावित विपद जोखिमको पूर्वसतर्कता र पूर्वतयारी सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । मनसुनजन्य तथा जलउत्पन्न प्रकोपबाट हुने क्षतिलाई कम गर्न नदी नियन्त्रण तथा बस्ती बचाउ कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।



हिदम लामा
अध्यक्ष

१३५. गाउँपालिका क्षेत्रभित्र हुनसक्ने संभावित विपद् जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिनेछ । विपदको समयमा तत्काल उद्दार, राहत वितरण, पुनःस्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ ।

१३६. गाउँपालिका भित्रका सबै प्रकृतिका वनक्षेत्रहरुको अभिलेख राखिने छ, सामुदायिक वनलाई थप जिम्मेवार बनाउन सम्बन्धित निकायसँग सहकार्य गरिने छ । वनडढेलो नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३७. जैविक विविधतायुक्त यस गाउँपालिकाको वन क्षेत्रको संरक्षण, विकास तथा बहुउपयोग गर्ने नीति लिइनेछ ।

१३८. बायो इन्जिनियरिङमा आधारित सडक तथा पूर्वाधार विकासमा जोड दिइ वातावरणीय क्षति न्युनीकरण गरिनेछ ।

१३९. गाउँपालिकाभित्रको फोहोरमैला व्यवस्थापन गर्न उपयुक्त नीति तथा कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१४०. विपद व्यवस्थापन समितिलाई प्रभावकारी ढंगबाट कार्य अघि बढाउनको लागि यस सम्बन्धित पदाधिकारी, कर्मचारी, वडास्तरीय विपद व्यवस्थापन समिति लगायतको टिमलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१४१. गाउँपालिकाको विपद व्यवस्थापन कोषमा आवश्यक रकम थप गरी परिचालन गरिनेछ ।

(ङ) सुशासन तथा संस्थागत विकास

१४२. गाउँपालिकामा रिक्त रहेका दरबन्दीको क्रमशः पदपूर्ति गरिदै लगिने छ । गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यक्षमता र कार्यकुशलतामा वृद्धि गर्न आवश्यक तालिम, गोष्ठी तथा अवलोकन भ्रमणको व्यवस्था कर्मचारी प्रशासनलाई सबलीकरण गरिनेछ । सेवा निवृत राष्ट्रसेवक कर्मचारीहरुको ज्ञान, सीप र अनुभवलाई उपयोगमा लिइने छ ।

१४३. गाउँपालिकाबाट उपलब्ध गराइने सेवा प्रवाहलाई थप सरल, सहज, गुणस्तरीय र विश्वसनीय बनाइनेछ ।

१४४. कर्मचारीको कार्यसम्पादनको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान र पुरस्कार वितरण गरिनेछ । कर्मचारीहरुलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन उपलब्ध गराई कार्यालयको कामप्रति थप जिम्मेवार बनाइनेछ ।

१४५. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने विभिन्न संभाव्य श्रोतहरुको खोजी र प्रयोग गरिनेछ । आन्तरिक आयको दर र दायरामा समसामयिक परिवर्तन गर्दै आय संकलन वृद्धि गरिनेछ ।

१४६. नवीनतम् प्रविधिको प्रयोग गरी राजस्वको संकलनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयबाट सफ्टवेयर प्रणालीमार्फत राजस्व संकलन गर्ने व्यवस्था लागू गरिनेछ ।

हिदम लामा
अध्यक्ष

१४७. भित्ते नागरिक बडापत्रलाई डिजिटल नागरिक बडापत्रले क्रमशः विस्थापित गर्दै सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह सञ्चालनका लागि आवश्यक कार्य गरिनेछ ।

१४८. गाउँपालिकाभित्र हुने सानातिना देवानी प्रकृतिका विवाद समाधान गरी समुदायस्तरमा दिगो शान्ती स्थापना गर्न न्यायिक समितिका सदस्य तथा प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम र क्षमता विकास कार्यक्रम गरी न्याय सम्पादन कार्यलाई छिटो र विश्वसनीय बनाइनेछ ।

सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

उल्लेखित नीति तथा कार्यक्रमको आधारमा आगामी आ.व.२०८०/८१ को लागि बनेको बार्षिक आयोजना /कार्यक्रमको प्रभावकारी कार्यान्वयन पश्चात गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रहरु आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक, वातावरणीय लगायत समग्र पक्षमा सुधार आई गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेको अपेक्षित उपलब्धी हासिल गर्न मार्गप्रशस्त भएको हुनेछ । प्राकृतिक श्रोत, कृषि, पर्यटन र पूर्वाधारको विकास र उत्थानशीलता मार्फत गाउँपालिका सबल, सक्षम, आत्मनिर्भर र समृद्धीको बाटोतर्फ उन्मुख हुनेछ ।सामाजिक न्याय कायम भई समतामूलक समावेशी समाज निर्माणको आधार तयार भएको हुनेछ ।

अन्त्यमा,

मलाई आगामी आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, आम भीमफेदीबासीहरु, यस गाउँपालिकाका शुभचिन्तक महानुभावहरु, शासन साझेदार, कर्मचारी लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । विभिन्न किसिमका सङ्क्रामक रोगको माहमारीबाट जोगिन सुरक्षात्मक उपायहरु अबलम्बन गर्न र संभावित मनसुनजन्य प्रकोपबाट हुनसक्ने जोखिमलाई मध्यनजर गरी पूर्व सतर्कता अपनाउन सम्पूर्ण भीमफेदी गाउँपालिका बासीमा अनुरोध गर्दै आ.व.२०८०/८१ को नीति तथा कार्यक्रमको प्रस्तुती यही समाप्त गर्न चाहन्छु ।।धन्यवाद।।।

संजिव श्रेष्ठ
उपाध्यक्ष
भीमफेदी गाउँपालिका
२०८०/३/१०

हिदम लामा
अध्यक्ष